# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## १ नं प्रदेश, नेपाल

# ओल बीउ खरिद कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**ठेक्का नं. ४-०७४/०७५**
**प्रथम पटक प्रकाशित मिति २०७४/१२/१३**

चालु आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ७५ प्रतिशत अनुदान रु. ९,००,०००/- (अक्षरेपी नौ लाख) र २५ प्रतिशत कृषकबाट सशुल्क रु. ३,००,०००/- (अक्षरेपी तीन लाख) गरी जम्मा रु. १२,००,०००/- (अक्षरेपी बाह्र लाख) अधिकतम प्रति केजी रु. ६०/- (अक्षरेपी साठी) को दरले २० मे. टन ओल बीउ खरिद सिलबन्दी बोलपत्र/दरभाउपत्रबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएकोले इच्छुक कृषक वा कृषी व्यवसायी/फर्महरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र नेपाल सरकारबाट इजाजत प्राप्त कृषक वा अधिकृत बिक्रेता तथा फर्महरुबाट चालु आ.व. को नवीकरण भएको बिउबिजन व्यवसायी अनुमति प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७३/०७४ को करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कालो सूचीमा नपरेको स्वयम घोषणा पत्र संलग्न गरी रु. १०/- को टिकट टाँसी बोलपत्र फारामको आवश्यक राजस्व दस्तुर रु. १,०००/- (पछि फिर्ता नहुनेगरी) बुझाई यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. फाराम दर्ता गर्दा आफूले कबुल गरेको दररेटबाट हुने रकमको ३% धरौटी रकम यस गाउँपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक इनरुवा शाखामा रहेको धरौटी खाता नं. २२२०३०३००७१०८ मा राखी सोको सक्कलै भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकबाट देवानगञ्ज गाउँपालिकाको नाममा जारी भएको कार्यप्रयोजन अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फाराम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ ।
३. बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ ।
४. तोकिएको अवधिभित्र सम्झौता गर्न नआएमा बोलपत्र पेश गर्दा राखेको धरौटी रकम जफत गरिनेछ । सो मा कुनै किसिमको दावी उजुरी गर्न पाइने छैन ।
५. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. बोलपत्र पेश गर्नेले बुझाउन कबोल गरेको बीउको दररेट अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ, केरमेट भएमा अक्षरमा उल्लेख गरेको दररेटलाई मान्यता दिइनेछ ।
७. बोलपत्र पेश गर्नेले बोलपत्र फारामको प्रत्येक पानामा दस्तखत गर्नु पर्नेछ ।
८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाउनेछैन ।
९. बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको समय, स्थान र मितिमा बोलपत्र खोलिनेछ । बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोलिने दिन बिदा परेमा सो कार्य सो को भोलीपल्ट सोही समयमा हुनेछ ।
१०. स्वीकृत बोलपत्र दाताले सम्झौता गरेको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले कबोल गरेको ४० प्रतिशत बीउको परिमाण र बाँकी सम्पूर्ण परिमाण सम्झौता गरेको मितिले ३० (तीस) दिनभित्र यस गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।
११. ढुवानी खर्च पछि नियमानुसार गाउँपालिकाको कार्यालय कृषितर्फबाट भुक्तानी हुनेछ ।
१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधनसहित) तथा नियमावली २०६४ (संशोधितसहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ ।

**देवानगञ्ज गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देवानगञ्ज, सुनसरी**